## पूनरावेदन गर्न आवश्यक कागजातहरु

- नेपाली कागजमा रितबमोजिम तयार पारिएको पूनरावेदन पत्र (राष्ट्रिय पूनर्निर्माण प्राधिकरण पूनरावेदन कार्यविधि,२०७३ को अनुसुचि -१ पूनरावेदन पत्र )
- स्पष्टरुपमा तोकिएको व्यहोराहरु उल्लेख भएको
- पूनरावेदक दस्तहत तथा औठाछाप भएको
- गुनासो सुनुवाईबाट गैरलाभग्राही कायम भएकाहरुको हकमा लाभग्राही कायम गर्नका लागि सिफारिस पत्र -अनुसुचि -१(क)
- गुनासो सुनुवाईबाट गैरलाभग्राही कायम भएकाहरुको हकमा लाभग्राही दावी गर्नका लागि कबुलियतानामा -अनुसुचि-१(ख)
- राष्ट्रिय पूनर्निर्माण प्राधिकरण कार्यकारी समितिको निर्णय सम्बन्धमा प्राधिकरण वा जिल्ला इकाईबाट निर्णय अनुरुप जारी गरिएको पूनरावेदन म्याद सहितको सक्कली जानकारी पत्र
- पूनरावेदकको नागरिकताको प्रमाणपत्र प्रतिलिपि
- सर्वेक्षण गर्दा दिइएको निस्साको प्रतिलिपि
- वारेसबाट मुदा  दायर गर्नुपरेमा रितबमोजिमको वारेसनामा
- गैरलाभग्राही गुनासोकर्ताको मृत्यू भएकोमा निजको हकवाला(मृत्यूको प्रमाणपत्र,हकवाला देखिने कागज वा वडा सिफारिस)
- अन्य दावी प्रमाणित गर्न पेश हुनसक्ने कागजहरु

**अनुसुचि-१**

(दफा ३ को उपदफा (१) संग सम्बन्धित)

राष्ट्रिय पूनर्निर्माण प्राधिकरण पूनरावेदन

**पूनरावेदन समितिमा चढाएको**

**<u>पूनरावेदनपत्र</u>**

संवत् ..........सालको ...................पूनरावेदन नं. .................. .......................जिल्ला .......................................गाउँपालिका/नगरपालिका/महानगरपालिका वडा ...... नं. ..... बस्ने वर्षको ..................................पूनरावेदक

विरुद्ध

................जिल्ला स्थित .........................कार्यालय प्रमुख श्री .......................

प्रत्यर्क्षी

(पूनरावेदक र प्रत्यर्थी एक वा एकभन्दा बढि भए क्रमैसंग लेख्नु पर्छ ।

.........................................सम्बन्धमा ............................................कार्यालय प्रमुख श्री ..................................बाट ................................गर्ने गरी भएको निर्णय वा आदेश भएकोमा सो निर्णयमा मेरो/हाम्रो चित्त नबुझेको र प्रस्तुत विषयमा ..........................................................कारणले मेरो/हाम्रो पूनरावेदन गर्ने हकदैया रहेको हुँदा देहाय बमोजिमको मागदावी लिई तोकिएको हदम्याद भित्रै यो पूनरावेदनपत्र प्रस्तुत गरेको छुट गरेका छौं । यसमा मेरो/हाम्रो पूनरावेदन जिकिर पूनरावेदन निम्न प्रकारको रहेको छ :-

१. ..........................................................................

२. ..........................................................................

३. ..........................................................................

पूनरावेदक

................................

फलाना ठाउँ बस्ने फलाना

(एकभन्दा बढी पूनरावेदक भएमा क्रमैसंग १,२,३, नम्बर दिई सबैको पुरा नाम,थर,उमेर,वतन,सम्पर्क नम्बर लेखि लेखपढ गर्न जान्नेलाई हस्ताक्षरको सहि र अरुले ल्याप्चेर सहि गर्नु पर्छ ।)

इति संवत्......................साल ......... गते रोज ..................शुभम्.........................

अनुसूची १(क)

श्री पूनरावेदन समिति, मिति : २०६…/…./…..
राष्ट्रिय पूनर्निर्माण प्राधिकरण,
सिंहदरबार,काठमाडौँ ।

**<u>विषय : सिफारिस गरिएको सम्बन्धमा</u> ।**

उपरोक्त सम्बन्धमा २०७२ बैशाख १२ मा गएको भुकम्प तथा तत्पश्चातका परकम्पहरुका कारण आवासीय घरमा क्षति भई राष्ट्रिय पूनर्निर्माण प्राधिकरणबाट संचालित भुकम्प प्रभावित आवास लगत संकलन कार्यक्रम र छुट तथा पून जाँच सर्वेक्षणमा सर्वेक्षण भई राष्ट्रिय पूनर्निर्माण प्राधिकरणबाट गैरलाभग्राहीमा सुचिकृत जिल्ला ……………….. महानगरपालिका/नगरपालिका/गाउँपालिका …………… वडा नं. ….. टोल …………… वस्ने सर्वेक्षण निस्सा नं. ……………………. श्री ………………………..का नाति श्री ………………………………..का छोरा वर्ष …….. का श्री/श्रीमति …………………………………. बैशाखमा गएको भुकम्पका वास्तविक पिडित परिवार हुन् । निज पिडितको जिल्ला ……………… टोल ……………….मा रहेको घर भुकम्पबाट क्षतिग्रस्त भई बस्न नमिल्ने भएको र निजको एकाघर परिवारको उल्लेखित बाहेक अर्को बस्नयोग्य घर नेपालमा अन्यत्र कतै नरहेको कुरा सिफारिस गरिन्छ । यसरी सिफारिस गरिएका व्यक्ति बास्तविक भुकम्प पीडित रहेकाले निजलाई पूनर्निर्माण/प्रवलिकरण लाभग्राही कायम गरिदिनु हुनका लागि सिफारिस गरिन्छ । निज लाभग्राही कायम भएमा लाभग्राहीले साविकको घर भत्काई प्राधिकरणले तोकेको मापदण्ड अनुसार तोकिएको समयमा घर पूनर्निर्माण/प्रवलिकारण गर्ने छन् । यसरी सिफारिस गरिएको विवरण झुट्टा ठहरिएमा लाभग्राहीलाई अनुदानको रकम फिर्ता गर्न लगाई हामीले समेत प्रचलित कानुन बमोजिम सहुला बुझाउँला।

१. पिडितको घरको अवस्था : ……………………………………………

- अस्थायि टहरामा बसेको /क्षतिग्रस्त घर भत्काई नयाँ बनाएको /क्षतिगस्त घर भत्काई अन्यत्र बसेको /बहुस्वामित्व

**<u>२. संलग्न कागजातहरु :</u>**

- नेपाली नागरिकताको प्रमाणपत्र
- सर्वेक्षण निस्साको प्रतिलिपि
- गैरलाभग्राही कायम भएको जि.आ.का.ई.को पत्र

- वहुस्वामित्वको हकमा २०७२ बैशाख १२ अगावै सम्बन्धित मालपोत कार्यालयमा गरिएको अंशवण्डको प्रमाणित प्रतिलिपि र परिवारको अर्को सदस्य लाभग्राही भएकोमा निजको नाम,थर र सझौता क्रम संख्याा

<u>सिफारिस गर्ने</u> :

१. सम्बन्धित वडा अध्यक्षको सही/नाम,थर :

................................../...............................

२. वडा सचिवको सही/नाम,थर : ................................../ ....................................

३. प्रमुख प्रशासकिय अधिकृतको सही/नाम,थर : ................................./

...........................

४. प्रमुख/अध्यक्षको सही/नाम,थर : ........................................./.................................

५. महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका कार्यालयको छाप :

६. मिति : २०७..../....../....

नोट : १. महानगरपालिका र उपमहानगरपालिकाको हकमा प्रमुख प्रशासकिय अधिकृतको साटोमा तोकिएको रा.प. द्धितीय श्रेणीको अधिकृत कर्मचारीले सिफारिस गर्न सक्ने छन् ।

२. यसरी सिफारिस गरिएका व्यक्तिहरुको पूनरावेदन समितिले आफ्नो कार्यविधि अनुसार स्थलगत परीक्षण गर्न सक्ने छ ।

अनुसूची १(ख)

श्री पूनरावेदन समिति , मिति :

२०७..../....../....

राष्ट्रिय पूनर्निर्माण प्राधिकरण,

सिंहदरवार,काठमाडौं ।

विषय : कबुलियतनामा सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा २०७२ बैशाख १२ मा गएको भुकम्प तथा तत्पश्चातका परकम्पहरुका कारण आवासिय घरमा क्षति भई राष्ट्रिय पूनर्निर्माण प्राधिकरणबाट संचालित भुकम्प प्रभावित आवास लगत संलकन कार्यक्रम र छुट तथा पूनःजाँच सर्वेक्षणमा सर्वेक्षण भई राष्ट्रिय पूनर्निर्माण प्राधिकरणबाट गैरलाभग्राहीमा सुचीकृत जिल्ला ....................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका .................................... वडा नं. ..... टोल ................ बस्ने सर्वेक्षण निस्सा नं. .................. श्री .................................. का नाति श्री ....................................का छोरा वर्ष ...... को म श्री /श्रीमति .................................. २०७२ बैशाखमा गएको भुकम्पका वास्ताविक पिडित परिवार हुँ । मेरो जिल्ला ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका .................................... वडा नं. .... टोल ............... मा रहेको घर भुकम्पबाट क्षतिग्रस्त भई बस्न नमिल्ने भएको र यस बाहेक अर्को बस्नयोग्य घर नेपालमा अन्यत्र कतै नरहेको कुरा जानकारी गराउँछु । म वास्ताविक भुकम्प पिडित रहेकोले निजलाई पूनर्निर्माण/प्रवलिकरण लाभग्राही कायम गरिदिनु हुनका लागि निवेदन गर्दछु । म लाभग्राही कायम भएमा साविकको घर भत्काई प्राधिकरणले तोकेको मापदण्ड अनुसार तोकिएको समयमा घर पूनर्निर्माण /प्रवलिकारण गर्ने छु । मैले पेश गरेको विवरण झुट्टा ठहरिएमा अनुदानको रकम फिर्ता गरी प्रचलित कानुन बमोजिम सहुला बुझाउँला ।

१. घरको अवस्था : .............................

- अस्थायी टहरामा बसेको/क्षतिग्रस्त घर भत्काई नयाँ बनाएको/क्षतिग्रस्त घर भत्काई अन्यत्र बसेको/वहुस्वामित्व

२. संलग्न कागजातहरु :

- नेपाली नागरिकताको प्रमाणपत्र
- सर्वेक्षण निस्साको प्रतिलिपि
- गैरलाभग्राही कायम भएको जि.आ.का.ई.को पत्र
- वहुस्वामित्वको हकमा २०७२ बैशाख १२ अगावै सम्बन्धित मालपोत कार्यालयमा गरिएको अंशवण्डको प्रमाणित प्रतिलिपि र परिवारको अर्को सदस्य लाभग्राही भएकोमा निजको नाम,थर र सम्झौता क्रम संख्या
- भुकम्प पिडित भएको पुष्टी गर्ने प्रमाण

निवेदक :

नाम,थर :

ठेगाना :

नागरिकता प्रमाण पत्र नं. :

हस्ताक्षर :

मिति :

# राष्ट्रिय पूनर्निर्माण प्राधिकरण पूनरावेदन कार्यविधि, २०७३

३. <u>पूनरावेदन दिने प्रक्रिया</u> : (१) प्राधिकरणले ऐनमा उल्लेखित काम,कर्तव्य अधिकारको प्रयोग गरी गरेको आदेश वा निर्णय उपर चित्त नबुझ्ने पक्षले आफुलाई पर्न गएको मर्काको व्यहोरा खुलाई त्यस्तो निर्णय वा सोको जानकारी प्राप्त गरेको मितिले पैंतीस दिन भित्र अनुसुचि -१ बमोजिमको जाँचमा पूनरावेदन समिति समक्ष पूनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पूनरावेदन दिँदा प्राधिकरणबाट भएको निर्णय प्रतिलिपि वा जानकारी पत्रको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ ।

(३) पूनरावेदन पत्र फुलेस्केप आकारको नेपाली कागजमा पहिलो पृष्ठमा शीरतर्फ दश सेन्टिमिटर छोडी र प्रत्येक पृष्ठमा बायाँ तर्फ पाँच सेन्टिमिटर किनारा छोडी एक पष्ठान बत्तीस पंतिमा नबढाई कागजको एक पट्टी मात्र पक्की कालो मसिले लेखिएको वा टाइप गरिएको हुनुपर्छ ।

(४) पूनरावेदन गर्न एक सय रुपैँया दस्तुर लाग्नेछ ।

४. <u>पूनरावेदन खुलाउनु पर्ने कुराहरु</u> :-

(क) निर्णय वा आदेश गर्ने अधिकारी र कार्यालयको नाम,

(ख) निर्णय वा आदेश भएको मिति,

(ग) निर्णय वा आदेशको संक्षिप्त व्यहोरा,

(घ) पूनरावेदन गर्ने हकदैया भएको कुरा,

(ङ) निर्णय वा आदेशबाट पूनरावेदकलाई चित्त नबुझेका कुराहरु,

(च) हदम्याद भित्रै रहेको कुरा,

(छ) संलग्न कागज प्रमाण,

(ज) अन्य आवश्यक कुरा ।